## बैठक संख्या-६२ औं

आज मिति २०८१।०४।०६ गते आइतबार विहान १०:०० बजे तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको बैठक तिनाउ गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी तपशिल बमोजिम छलफल तथा निर्णय गरियो ।

<u>तपशिलः</u>

| क्र.सं. | हस्ताक्षर | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री प्रेम श्रेष्ठ | अध्यक्ष | |
| २ | | श्री लाल बहादुर थापा | उपाध्यक्ष | |
| ३ | | श्री भुवन सिं चिदी | वडा अध्यक्ष-१ | |
| ४ | | श्री यादव प्रसाद अर्याल | वडा अध्यक्ष-२ | |
| ५ | | श्री चित्र बहादुर थापा | वडा अध्यक्ष-३ | |
| ६ | | श्री तुल बहादुर आले | वडा अध्यक्ष-४ | |
| ७ | | श्री ईन्द्र कुमारी गाहा चिदी | वडा अध्यक्ष-५ | |
| ८ | | श्री टोम बहादुर पुन | वडा अध्यक्ष-६ | |
| ९ | | श्री पम्फा मगर | कार्यपालिका सदस्य | |
| १० | | श्री धन कुमारी बगाले | कार्यपालिका सदस्य | |
| ११ | | श्री कुमारी सुनार | कार्यपालिका सदस्य | |
| १२ | | श्री गंगा कुमारी रानाँ बगाले | कार्यपालिका सदस्य | |
| १३ | | श्री सन्तोष दमाई परियार | कार्यपालिका सदस्य | |
| १४ | | श्री छविलाल गहतराज सुनार | कार्यपालिका सदस्य | |
| १५ | | श्री लेखबहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| | | अन्य उपस्थिति | | |
| | | [illegible] | | |
| | | | | |

**तेनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०४।०६ गतेको बैठकका निर्णयहरु:**

१. तिनाउ गाउँपालिकाबाट भुक्तानी हुने विलहरु सार्वजनिक गरेर मात्र भुक्तानी दिने निर्णय गरियो ।

२. दरभाउ पत्र माग गरी सोझौ खरिद गर्ने बस्तुहरु र निर्माण कार्यको दररेट माग गाउँपालिकाको Website मा सुचना प्रकाशित गरी खरिद गर्ने निर्णय गरियो ।

३. तिनाउ गाउपालिकाको मासिक बुलेटिन प्रकाशन गर्न सुरु गर्ने निर्णय गरियो ।

४. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गर्ने निर्णय गरियो । यसको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यदल गठन गरी तयार गर्ने निर्णय गरियो ।

५. करारमा कार्यरत यस गाउँपालिकामा कार्यरत सबै करारका कर्मचारीहरुको म्याद ६ महिना थप गर्ने निर्णय गरियो ।

६. तिनाउ गाउँपालिकाको Fact Sheet अध्ययन गरियो र यसमा केही संशोधन गरी अन्तिम रुप दिइ प्रकाशित गर्ने निर्णय गरियो । उक्त तथ्याङ्कहरुलाई गाउँपालिकाको महत्वपूर्ण स्थानमा टाँस गरी सबैलाई जानकारी गराउने समेत निर्णय गरियो ।

७. तिनाउ गाउँपालिकाकका सम्पूर्ण शाखा प्रमुखहरुबाट तयार भै प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश भएको तिनाउ गाउँपालिकाको तपसिल अनुसारको आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

८. आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन गर्ने तिनाउ गाउँपालिकाका आयोजनाहरुलाई तपसिल अनुसार उपभोक्ता र ठेक्का प्रकृयाबाट गर्ने निर्णय गरियो ।